

# डोकलममा चीन र भारतको युद्ध हुंदैन ।

डा. प्रेमसिंह बस्न्यात

संसारको ध्यान चीन र भारतको खटपटले तानेको छ । भुटान चीन सीमावर्ती डोकलम क्षेत्र अहिलेको “कन्फ्लिकट इपीसेन्टर” (Conflict Epicenter) बनेको छ । संभावित युद्धको तरिका, प्रयोग हुने बम, हात-हतियार, पक्ष र विपक्षको सहयोगी राष्ट्रहरु र त्यसका परिणामलाई अहिले अंदाज लगाउने मात्र हो । संसारले भन्नु पर्छ, यो खटपट युद्धबाट होइन वार्ता बाट समाधान हुनुपर्छ । यस कार्यको लागि नेपाल जस्ता साना र छिमेकी राष्ट्रहरुले घर भित्रका निदाल-दलिनको काम गर्न नसकेपनि “चुकूल” को भुमीका निभाउनु पर्दछ । त्यसमा पनि नेपाल ठुलो खाडलमा जाकिनेछ, यदि चीन, भारत बिच युद्ध भै हालेमा । किनभने प्रधानमंत्री पुष्प कमल दाहालले सन् २०१६ को सेप्टेम्बर १५ देखि १८ सम्म गरेको भारत भ्रमणमा प्रधानमंत्री स्तरीय २५ बुँदा संझौताको नं. ११ बुदाले “ठुला अन्तराष्ट्रिय मुद्दा मामीलामा दुवै देसको एउटै धारणा हुनेछ” भन्ने वाक्यहरुले सन् १९५० को सन्धि भन्दा घातक भविष्य देखाउँछ । उक्त ११ नं. बुँदाले नेपालको परराष्ट्र मामलालाई लगाम लगाएको छ । शान्ति सेना, विदेसमा सैनिक पठाउने-खटाउने मामला, व्यापार, अरु मित्रदेसहरु प्रति नेपालले अपनाउने अन्य संवध समेत परराष्ट्र मामला भित्रै पर्दछ । अर्को तथ्य सन् १९५० को सन्धिले नेपालको रक्षा निती वा प्रतिरक्षा नितीलाई भारतले अर्ध औपनीवेसीक बनाएको छ । नेपालका दुई प्रधानमंत्रीहरु सन् १९५० का मोहन शम्सेर राणा र सन् २०१६ का पुष्प कमल दाहालले क्रमश नेपालको रक्षा निती र परराष्ट्र निती भारतको पोल्टामा हालेकै हुन । उक्त दुवै कारणले गर्दा भोलीका दिनमा चीन र भारतको युद्ध भैहालेमा र भारतले नेपालको सैनिक सहयोग मागेमा वा युद्ध तयारीको लागि नेपाली भुभी मागेमा पनि नेपालले ठुलै मुल्य चुकाउनु पर्नेछ । दुर्भाग्य नै भनौं अस्ति मात्र भएको २५ बुँदे संझौताले नेपालको राष्ट्रिय सुरक्षामा आँच आउने देख्दा देख्दै पनि नेपालका कुनै सुरक्षा अंग बोलेनन् न त भूतपूर्वक सेना प्रहरी नै बोले । भन्ने पर्दा देसमा तलब र पेन्सनको नास मात्र भैरहेको छ भनेमा अत्यूक्ति नहोला ।

हाल भैरहेको डोकलम बारेको खट पट युद्धमा परिणत हुँदैन । किनभने चिनले उसको विश्व रणनितीमा अर्को १० बर्ष सम्म भौतिक युद्ध लड्दैन । उसको लागि “लो प्रोफायल” मा बसेर विश्वको नम्बर एक धनि देस वन्नु छ । हालसम्मको दृष्ठान्तमा पनि उसले संसारका सवै जसो द्वन्दहरुमा भौतिकरुपले टाढा बसेको छ । त्यो भन्दा पनि ठुला कुरो चीनको लागि तिब्बत, हङकङ्ग, ताइवान, मकाउ लगायतका उसका भूभाग माथि “पूर्ण नियन्त्रण” गर्नु रहेको छ । यो क्षेत्रहरु माथि पश्चिमहरुले खेलबाड गरी रहेको चीनलाई प्रष्ठ थाह छ । यो “पूर्ण नियन्त्रण” गर्ने कामको लागि हाल भारतसंग चीनले युद्ध गर्दैन र त्यसमा पनि चीनले “भारत मात्र” लाई रणनैतिक दुष्मन ठान्दैन । र भारतलाई

ठुलो “थ्रेट” मान्दैन पनि । यद्यपि करिब ३ बर्ष जति अगाडी नेपालका वहालवाल प्रधान सेनापतिले भारतको निजी भ्रमणमा रहेको बेला चीनिया सेनालाई भारतीय सेनाले लर्ताछ र चीनले भारत विरुद्ध केही गर्न सक्दैन भन्ने विश्लेषण गरेको पक्ष पनि त्यत्तिकै महत्वपूर्ण छ । त्यसको मतलब भारत कमजोर छैन । अर्को खतरनाक पक्ष भनेको अहिले विवादित डोकलम इलाका तिब्बतसँग टास्सीएको भुगोल हो भने त्यो क्षेत्रमा युद्ध भैहालेमा तिव्वती मुलका चीनयाहरुनै उसको लागि दुष्मन बन्न सक्नेछन् । हुन त लडाई डोकलमबाट मात्र सुरु न भै जुनसुकै फ्रन्ट (मोहडा) बाट पनि हुन सक्छ । भन्नै पर्दा हाल भारतले सिमावती क्षेत्रमा गरेको सैनिक तडक भडकलाई चीनले जुंगाको लडाई मात्र ठानेको छ । भारतले विरोध गर्नै पर्ने बाध्यता उसले बुझेको छ । अन्यथा, अमेरीका र यूरोपीयनहरुले भारतलाई “काजी” मान्ने छैनन् र पाकिस्तानले समेत भोलीका दिनमा अझै भारतलाई हेप्नेछ । अर्को तर्फ भारतलाई लडाई गर्न त झनै धेरै कुराले अझै साथ दिदैंन । किनभने सन् ६० का दसकमा चीन र भारतवीच भएका दुईवटा युद्धहरुले भारतको मनोवल अति नै खस्काएको छ । त्यहाँको प्राज्ञ, विज्ञ, लेखक, व्यापारी, जना, कर्मचारी, संचार माध्यम, नेताले लेखेका, बोलेका विचाहरुलाई समाष्ठिगत रुपले अध्ययन गर्ने हो भने सपनामा समेत चीनले हमला गर्ला भन्ने भूत लागेको देखिन्छ । त्यही कारणले हो चीन संग सिमाना जोडिएका छिमेकी देस र उसकै विहारमा समेत ठुला बाटा घाटा नबनोस र चीनियाँ फौजलई बाधा पुगोस भन्ने “ह्याङ्ग ओभर” राखेको पनि । यस्तो मनोवल “मोराल” हुनू ठुलो राष्ट्रिय घाटा हो । अर्को कुरो भारतीय फौज मध्य भारतीय गोर्खा, जाट, सिख समेत केही जातिय रेजिमेन्टहरु बाहेक अरु जातहरुमा “जुझारु पन” अर्थात “फाइटिङ स्प्रिट” को ह्रास छ । बन्दुक, बम, गोला, फाइटर, युद्धपोतले मात्र लगाई जितिन्न । यसको लागि सुरोपन चाहिन्छ । उदाहरणको लागि तिव्बती, चीनीया, जापनीज, मंगोलीयन जातको तुलनामा भारतीयहरु जुझारु पनि कमजोर छन् । यो बंशानुगत गुण हो । अर्को कमजोरी भनेको भारतमा जातीय रेजिमेन्ट छन । परेको बेला यसले फौज भित्र नचाहिंदो अस्वस्थ प्रतिस्पर्दा ल्याउँदछ र अन्ततः कार्यगत एकता टुक्र्याउँदछ । त्यसैगरी देस भित्रको गरीवीले भारतलाई ठुलो युद्ध धान्न गाह्रो छ भने भारतीय फौजले प्रयोग गर्ने अत्याधीक युद्ध औजारहरु अरु देसमा बनेका छन् र अरु मै भर पर्नु पर्दछ । चीनको सैन्य शक्तिको तुलनामा भारत अझै पनि तल्लो दर्जामा नै पर्दछ । उसले अमेरीका, इजरायल, जापान वा पश्चिमा राष्ट्रको भर परेर युद्धमा होमीयो भने भारतको स्थिती पिंध नभएको लोटा जस्तै बन्नेछ । उता चीनको ठिक सुल्टो अबस्था छ, उ आफैमा आत्मा निर्भर छ । अर्को कुरो हाल “चीकन्स नेक” भनिएको बंगलादेस र नेपाल विचको जग्गाले भारतीय विसाल सेनाको मोभ्मेन्ट, लजेष्टिक सर्पोट, रिइन्फोर्समन्ट लगाएतको “स्मुथ ल्फो” लाई “फर्म बेस” बनाउन बाधा पुर्‍याउनेछ । यो चिकेन्स नेक भनेको सैनिक भाषामा “बोटल नेक” हो । यो भारतको लागि अविषाप बन्ने छ । यहि रणनैतिक कारणले भारत नेपालको तराईलाई छुट्टाएर वा एक मधेस प्रदेस खडा गरी आफ्नो सैनिक अभिष्ठ पुरा गर्न खोज्दैछ । हालको २ नम्बर प्रदेसमा झापा-मोरग पनि हाल्नु पर्छ भन्नु उसको चिकेन नेकलाई

ठुलो फर्म बेस बनाउनु हो । सबै भन्दा ठुलो डिजास्टर भारतलाई सिक्किम, दार्जलिङ्ग, आसाम, नागाल्याण्ड, मनिपुर त्यस्तै परे भुटान समेतबाट खतरा छ । यी क्षेत्रका जनता भारतबाट मुक्ति चाहन्छन् र उसकै विपक्षमा उत्रेका छन् र उत्रिनेछन । यही क्षेत्र इलाकामा "दोकलाम वार इपी सेन्टर" हुनेछ । छिमेकी देसहरु समेत भारत प्रति सद्भाव नराख्ने धेरै छन् । त्यसै गरी अमेरीकाले दिएको सैन्य धापले मोदीजीलाई सद्दाम हुसेन र भारतलाई विभाजीत ईन्डिया बनाउने त्यक्तिकै डर, उसमा हुनू पर्दछ । अन्तमा यदि भारत र चीनको युद्ध सुरु भएमा पाकिस्तानले मौका गुमाउने छैन र भारत माथि सैनिक कारवाही गर्न सक्तछ र अन्ततः भारतले "मल्टी फ्रन्ट वार" मा झेलीने संभावना देखेकै हुनू पर्दछ ।

नेपालले कहिले पनि दुई छिमेकी चीन र भारत बिच युद्ध र कटुता चाहँदैन । यद्यपि युद्ध भैहालेमा के होल भन्ने अनुमान गर्दा र भारतले युद्ध हारेमा सबै भन्दा पहिलो दूष्परिणाम सिक्किम, गोर्खाल्याण्ड, आसाम, मणीपुर, नागाल्याण्ड, कास्मिर आदी क्षेत्रहरु भारत बाट स्वतन्त्र हुने संभावना छ भने उस्ले आफ्ना छिमेकमा रहेका सबै साना मुलूकहरु प्रतिको नियन्त्रण र निग्रानी गुमाउनेछ । अर्को सत्यता के हो भने, भारतको विकास अर्को ३०/४० बर्ष पछाडी धकलीने छ र उसलाई कुनै ठुलै शक्ति राष्ट्रको सुरक्षा छाता मुनी बस्ने अवस्था पनि आउन सक्नेछ । त्यसै गरी बृटिस शक्तिले खडा गरेको "म्याक मोहन लाइन" को चीन भारत बिचको सिमा परिवर्तन हुन सक्नेछ भने त्यसबाट भारतलाई ठुलै क्षती हुनेछ ।

त्यसै गरी चीनले युद्ध हारेमा तिब्बत स्वतन्त्र संभावना रहन्छ र त्यसपछी, ताइवान, हङकङ्ग क्षेत्रका पकड खुकुलो छ । उत्तर कोरीया माथिको चीनिया पकड र सामीत्यता सकिनेछ भने चीनको सिमामा अमेरीकी युद्धपोतको गस्ती बढ्नेछ । त्यो भन्दा ठुला खतरा पश्चिमाहरुको चीन भीत्रको घुस पैतले चीनको राष्ट्रिय एकता भाँडीने संभावना छ र चीनले हाल लागु गर्न खोजेको "वान रोड वान वेल्ट" रणनीति लोप भै अन्तत चीन सुरक्षा परिषदको भिटो सदस्यबाट निकालीने संभावना त्यत्ति नै हुनेछ ।

नेपाल माथि आई लाग्न सक्ने परिणाम

अवस्य पनि चीन-भारत युद्धले झन्डै तेस्रो विश्व युद्धको रुप धारण गर्नेछ । नेपालमा अमेरीका र भारतले बनाएका संसारको सबैभन्दा ठुला राजदुतावास भवन र कम्पाउन्ड भीत्र चीन विरुद्ध प्रयोग गर्न उनिहरुले सैनिक, युद्ध उपकरण र अन्य संयन्त्र भित्र्याउने छन् । त्यसबेला नेपालले उनिहरुलाई रोक्न सक्ने छैन । खुले आम युद्ध संचालनको लागि काठमाडौंको भुगोल प्रयोग हुने संभावना प्रचुर मात्रामा छ । यदी यो भयो भने चीनले पनि त्यसको प्रतिकार गर्न हवाई हमला गर्नेछ र अन्तत मर्ने नेपाली र नास हुने नेपाली कै धन सम्पत्ति हुनेछ । त्यो भन्दा दुःख दायी कुरो भारतीय सेनामा भर्ना भएका नेपाली मध्य कम्तीमा पनि ३० प्रतिसत भन्दा बढि मारीन सक्नेछन । उक्त युद्ध भैहालेमा भारत र चीनले आणवीक हतियारको प्रयोग गरे भने नेपालले पनि क्षती व्यहोर्न पर्नेछ । अरु आर्टिलरी

हतियार र हवाई हमलाबाट समेत “सर्ट फल” अर्थात टेक्निकल कारणले विचमै खसेका बमबाट समेत धेरै नेपाली मर्न सक्छन । अर्को पाटो के हो भने चीनले युद्ध जितेको अवस्थामा नेपालको आन्तरीक राजनितीमा हस्तक्षेप न भैकन विकासको संभावना अभ्कै बढनेछ भने भारतले जितेको अवस्थामा दक्षिण एसियामा नेपालले भुटान सरहको दर्जा पाउनेछ भने पश्चिमाहरुले लाखौं चर्च बनाउन सफल हुनेछन । तसर्थ, हाम्रा प्राज्ञ, विज्ञ, नागरीक समाज, सरकार, सेना, प्रहरी आम संचार सवैले आ-आफ्नो क्षेत्रबाट चीन र भारतलाई बार्ताबाटै समस्या समाधान गराउन लेख्ने, बोल्ने, लेखापढी गर्ने काम गर्नु पर्दछ । हाम्रो लागि दुबै देस बराबरी हुन र यी दुई पाँग्रा (देस) अड्याउने नेपाल चुकुल बन्नु पर्दछ । चीन र भारत दुवै देसलाई अहिले दुःख बढेको छ । यही दुःखमा नेपाल सच्चा मित्र बनेर र आगो बल्दै गरेको ठाउँमा पानीको भुमीकाबाट नेपालले उनिहरुको डडेंलो निभाउने उपाए गर्नै पर्दछ ।